# शान्ति दास (धनुषा)

### समाजसेवा फाउण्डेशन (सचिव)

### दलित महिला वडा सदस्य जनकपुर उपमहानगरपालिका वडा नं १६



नमस्कार मेरोनाम शान्ति दास हो । मेरो घर जनकपुर उपमहानगरपालिका वडा नं १६ मा पर्दछ । मेरो जन्म २०३८ सालमा महोत्तरी  गाँउ पालिका वडा नं ९ मा भएको हो । म एक मधेसी दलित समुदाय भित्र पर्दछु ।  मेरो पारिवारीक अवस्था  भन्नु पर्दा मेरो परिवार अत्यन्तै गरिव थियो ।  मेरो जन्म भएको  ६ बर्ष सम्म मेरो बुवाले  सामान्य खेतिपातिको काम गर्नु हुन्थ्यो त्यसैले हाम्रो जिविका चलेको थियो ।

जव मेरो बैनी जन्मियो तव मेरो बुवाले सरकारी जागिर नेपाल  विद्युत प्राधिकरणमा गर्नु भएको थियो तह तिनमा  । उहाँको अस्थाई  नियुक्ति थियो । त्यस सैगै मेरो परिवारको आर्थिक अवस्था विस्तारै राम्रो हुदै गयो ।  मेरो बुवा शीक्षित हुनुहुन्थ्यो उहाँले एस .एल. सि सम्मको अध्ययन गर्नु भएको थियो । उहाँ पढेलेखेको भएको कारणले गर्दा हामिले शिक्षा पाउन त्यस्तो केहि संघर्ष गर्नु परेको थिएन । जव म विद्यालयमा जाने गर्दथे त्यस समयमा हाम्रो घर वरपरका कोहि दलित समुदाएको छोरिहरु विद्यालयमा पढ्नको लागि जानु हुदैनथियो । मैले कक्षा  पाँच सम्म मेरो गाँउकै विद्यालयमा अध्ययन गरे ।

त्यस पश्चात मैले मेरो घर देखि करिव २ किलो मिटर पर्ने धनुषाको हाईस्कुलमा कक्षा ६ देखि पढ्न थाले । मेरो विद्यालयमा पढाई पनि राम्रो थियो । म एक दलित समुलायको भएको कारणले गर्दा पनि मैले विद्यालयमा विभेदको धैरै घटनाहरु सहनु परेको थियो । विद्यालयमा हामिले छोएको कसैले पनि खानु

हुदैन थियो । सबैजनाको  सोच हामि प्रति फरक थियो । त्यसैले विद्यालयमा हामिले खानको लागि घर बाट नै पानि लैजानु पर्ने बाध्यता थियो । यो सबै देख्दा र भोग्दा मलाई मनमा सारैनरमाईलो महसुस हुन्थ्यो । यस्तो  व्यवहार हामिलाई किन गरेको होला भन्ने लाग्दथियो । मेरो गाँउमा पनि धेरै जसो घरहरु माथिल्लो समुदायको थियो । त्यसैले हामिले  गाँउमा पनि धेरै विभेद सहनुपर्ने  बाध्यता थियो ।  जव म कक्षा ९ मा अध्ययन गर्दै थिए त्यस समयमा मेरो घरमा मेरो विहेको कुराहरु चल्न थाल्यो ।

म जम्मा १६ बर्षको थिए । त्यतिखेरको समयमा हाम्रो मात्र हैन गैर दलित समुदायको छोरिहरुलाई पनि सानै उमेरमा विवाह गरिदिने प्रचलन थियो । मेरो विवाहको कुरा गर्दा मैले मानेको थिइन तर मेरो परिवारले मलाई फकाउनु सम्झाउनु भयो । किन भने मेरो श्रिमान पढेलेखेको र खेलकुद मन्त्रालयमा जागिरे पनि हुनुहुन्थियो  घर परिवार पनि राम्रो थियो भनि सबैले सम्झाउनु भयो र मेरो विवाह भयो । बिवाह पश्चात मलाई पढाउने कुरा थियो तर मेरो बिवाह भएपछि करीव तिन बर्ष जति म घरको काममानै सिमित हुनु पर्यो ।

त्यस समयमा मैले एस. एल. सि को परिक्षा माइतमानै गएर दिए र म पास पनि भए । मेरो सासु ससुराको धेरै जग्गा जमिन भएको कारणले गर्दा मैले माइतमा केहि जानेको थिइन खानापकाउन अन्य घरायसी काम गर्न तर विस्तारै सिकेर मैले आफ्नो सासु ससुराको खेतिपाति वस्तु भाउको काम गर्न पनि उहाँहरुलाई सहयोग गरे । मैले मेरो बिवाह भएको दुइ बर्ष पछि पहिलो संन्तानको रुपमा छोरीलाई जन्म दिए र ६ बर्ष पछि छोरा पाँए ।

छोरि  जन्मेको समयमा म धेरै कम्जोर थिए किनभने मेरो सानै उमेर थियो भने मलाई चम्कि भन्ने रोग लागेको कारणले गर्दा मैले खानमा धेरै कुरा बाहार्नु पर्ने थियो जस्ले गर्दा मेरो स्वास्थ्य अवस्था अत्यन्तै कम्जोर भएको थियो । त्यस पश्चात मेरो छोरा छोरि पनि विस्तारै हुर्किन थाले र विद्यालय भर्ना भए । त्यस पश्चात मलाई लाग्यो कि म त्यतिकै खालि बस्नु हुदैन भन्ने लाग्यो र मैले  उच्च शिक्षाको लागि कक्षा ११ मा पढ्न थाले र पछी मेरो कक्षा ११ र १२ मा पनि म पाँस भए । यसैक्रममा मैले घरमा कक्षा ५ सम्मका विद्यार्थिहरुलाई घरमै ट्टिप्सन कक्षा पढाउन थाले ।

त्यस समयमा विद्यालय नगएका दलित तथा मुसलमान समुदायका  करिव ४० जना बाल बालिकाहरु पनि पढ्नको लागि आउने गर्द थिए  । यो २०६३ साल तिरको कुरा हो । विस्तारै मैले आफुले कमाएको पैसाबाट आफ्नो घर परिवारको खर्च पनि चलाउन थाले । मेरो छोरा छोरि विद्यालय जान थाले पछि मेरो

LOOM

श्रिमान बैदेशिक रोजगारिको लागि जानु भयो । मैले शिक्षा शात्र संकाए बाट मुल विषयको रुपमा नेपाली लिएर पढेको थिए । त्यसैले  म विद्यालयमा आफ्नो छोरा छोरिलाई पुर्याउने क्रममा मैले विद्यालयमा शिक्षकलाई याहाँ कुनै शिक्षकको लागि विज्ञापन छ भने म नेपालि पढाउन सक्छु त्यसैले मलाई पनि दिनु होला भनेर सोधेको थिए । भाग्यवस मैले त्यो अवसर प्राप्त गरे त्यो नै मेरो लागि अवसर भयो । र मैले त्याहा बाल शिक्षाको लागी पढाउन थाले  त्यो निजि विद्यालय थियो ।

मैले पढाउने विद्यालयमानै मेरो छोरा छोरी पढ्ने गर्दथे । मेरो छोरा छोरिले त्यसै विद्यालय बाट एस .एल .सि परिक्षा पास गरेका हुन । मेरो श्रीमा बिदेश वाट घर फर्किएपछी उहाँले खेतिपाती तथा पशुपालन गर्नु भयो । मैले विद्यालय पढाउनुको अलवा विस्तारै राजनिति तर्फ पनि लाग्न थाले किन भने मेरी श्रिमान र अंकल पनि राजनीति गर्नु हुन्थ्यो । त्यसैले मैले राजनीतिक कार्यक्रमहरुमा पनि सहभागी हुने अवसर पाँए । जस्ले गर्दा दलित तथा महिलाहरुको अधिकारको विषयमा राम्रो संग बुझ्ने अवसर पाँए । र म विभिन्न कार्यक्रमहरुमा पनि सहभागी हुन थाले ।

पहिला त मलाई राजनीति भनेको पनि केहि थाहा थिएन । २०७२ को भुकम्प पछि मैले शिक्षक बाट राजिनामा दिए । त्यस समयमा मेरो आर्थिक अवस्था अत्यन्तै कम्जोर भएको थियो । भुकम्प पश्चात  मैले केहि काम गर्नु पर्छ भन्ने उद्देश्यले कामको खोजिमा थिए । त्यसै समयमा मैले राजश्री संस्थामा सामाजिक परिचालिकाको रुपमा काम पाँए । त्यस संस्थामा मेरो कार्य जिम्मेवारी भनेको मैले गाँउ गाँउमा गएर बचत संकलन गर्नु पर्ने थियो र सोहि रकम उठाए वापत मैले कमिसनको रुपमा तलब पाउने गर्दथे ।

मैले काम संगै राजनीतिमा पनि आवद्ध भएको कारणले गर्दा र दलित समुदाएको पढे लेखेको दुइचार शब्द बोल्न जान्ने भएको कारणले गर्दा पनि  मैले नेपाली कांग्रेस पाटिको तर्फवाट २०७९ को स्थानिय तहको चुनावमा जनकपुर उप महाँनगरपालिका वडा नं १६ वाट  दलित महिला वडा सदस्यको रुपमा टिकट पाँए र चुनावमा सहभागी भए फल स्वरुप म  विजय पनि भए । म  विजय भए पश्चात मैले नगर सभामा र वडा कार्यालयको वजेट विनियोजन कार्यमा दलित समुदायको उत्थान र विकासको लगि पनि बजेट छुट्याइनु पर्दछ भनि पहल गरे फल स्वरुप केहि दलित समुदायको लागि बजेट छुट्याउन सफल पनि भए । मैले मेरो समुदाय एबं समग्र महिलाहरुको उत्थान र विकासको लागि आगामि दिन हरुमा पनि पहल गरिरहने छु । धन्यवाद ।

LOOM